नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

४२११९२१, ४२११९३२
४२११८०८, ४२११६६५
सिंहदरबार, काठमाडौं, नेपाल

पत्र सङ्ख्याः

चलानी नं.ः

## दक्षिण एसिया वन्यजन्तु कानुन कार्यान्वयन सञ्जाल (SAWEN) को ऐतिहासिक पहिलो महासभा काठमाडौंमा सम्पन्न

दक्षिण एसिया वन्यजन्तु कानुन कार्यान्वयन सञ्जाल (South Asia Wildlife Enforcement Network) ले सेप्टेम्बर १०—११, २०२६ मा नेपालको राजधानी काठमाडौंमा आफ्नो पहिलो महासभा आयोजना गरी क्षेत्रीय स्तरमा वन्यजन्तु संरक्षण सम्बन्धी एक ऐतिहासिक चरण पार गरेको छ। नेपाल सरकारको कृषि, वन तथा पर्यावरण मन्त्रालयको नेतृत्वदायी भूमिकामा आयोजित यस ऐतिहासिक सर्वोच्च अन्तर-सरकारी महासभामा दक्षिण एसियाभरिका उच्च-स्तरीय सरकारी प्रतिनिधिमण्डल, वन तथा वातावरण मन्त्रीहरू, विशिष्ट कानुन कार्यान्वयन अधिकारीहरू, वन्यजन्तु विज्ञहरू र अन्तर्राष्ट्रिय संरक्षण साझेदारहरूको सहभागिता रहेको थियो।

कृषि, वन तथा पर्यावरण मन्त्री माननीय गीता चौधरीको अध्यक्षतामा भएको यस उच्च-स्तरीय भेलाको उद्घाटन प्रतिनिधि सभाका सम्माननीय सभामुख डोल प्रसाद अर्यालले गर्नुभएको थियो। कार्यक्रममा बङ्गलादेशका वातावरण, वन तथा जलवायु परिवर्तन मन्त्री महामहिम अब्दुल अवल मिन्टु लगायतका विशिष्ट महानुभावहरूको उपस्थिति रहेको थियो। सदस्य राष्ट्रहरू, बङ्गलादेश, भुटान, माल्दिभ्स, नेपाल, पाकिस्तान, र श्रीलङ्काका प्रतिनिधिमण्डलहरू, यस क्षेत्रमा पर्यावरणीय सुरक्षा, सार्वजनिक संस्था र स्थानीय समुदायको जीविकोपार्जनमा प्रत्यक्ष प्रभाव पार्ने, वन्यजन्तुको अवैध व्यापारको बढदो जोखिमलाई सम्बोधन गर्न एकत्रित भएका थिए।

सङ्कटापन्न वनस्पति र वन्यजन्तुको अवैध व्यापार एक निरन्तर र जटिल अन्तरदेशीय संगठित अपराधको रूपमा रहेको छ। यस्ता आपराधिक गिरोहहरू विरुद्ध राष्ट्रिय प्रयासहरू मात्र पर्याप्त नहुने तथ्यलाई आत्मसात् गर्दैं, यस पहिलो महासभाले उच्च-स्तरीय राजनीतिक प्रतिबद्धताहरूलाई व्यावहारिक र समन्वयित रणनीतिहरूमा रूपान्तरण गर्न एक महत्त्वपूर्ण मञ्चको रूपमा कार्य गरेको छ।

महासभामा छलफलको सुरुवात गर्दैं मुख्य वक्ताहरूले दक्षिण एसियाको साझा पर्यावरणीय सम्पदामा जोड दिए। नेताहरूले खुला सिमाना र बढ्दो डिजिटल व्यापार मार्गका कारण कानुन कार्यान्वयन संयन्त्र पनि उत्तिकै आधुनिक र अन्तर-सम्बन्धित हुनुपर्ने कुरा औंल्याए। महासभाले वन्यजन्तुको चोरीशिकार र तस्करी सञ्जाल सञ्चालन गर्ने मुख्य गिरोह, लगानीकर्ता र मुख्य योजनाकारहरूलाई निरुत्साहित गर्ने उद्देश्यका साथ स्थानीय स्तरमा अपराधमा संलग्न भएका व्यक्तिको पक्राउ र बरामदीबाट रणनीति परिवर्तन गरी वित्तीय तथा डिजिटल अनुसन्धानतर्फ केन्द्रित हुन विशेष जोड दिएको थियो।

विश्वव्यापी अवैध वन्यजन्तु व्यापार वार्षिक रूपमा अर्बौं डलरको हुने अनुमान गरिएको छ, जुन आकार र प्रभावका हिसाबले लागुऔषध, मानव बेचबिखन र हतियार तस्करीको समकक्षमा आउँछ। पाटेबाघ र एकसिङ्गे गैंडादेखि दुर्लभ जडीबुटी र रैथाने समुद्री प्रजातिहरूसम्म फैलिएको आफ्नो समृद्ध र अद्वितीय जैविक विविधताका कारण दक्षिण एसिया अन्तर्राष्ट्रिय चोरीशिकारी गिरोहहरूको प्रमुख निशाना बन्दै गएको छ। प्रतिनिधिहरूले सामूहिक रूपमा वन्यजन्तु तथा समग्र वातावरणीय अपराधलाई गौण अपराधका रूपमा लिन नसकिने कुरा स्वीकार गरेका छन्।

नेपाल सरकार
# कृषि, वन तथा वातावरण मन्त्रालय

पत्र सङ्ख्याः
चलानी नं.:

☎ ४२११९२१, ४२११९३२
४२११८०८, ४२११६६५
सिंहदरबार, काठमाडौं, नेपाल

नेपाल सरकार कृषि, वन तथा वातावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

महासभालाई सम्बोधन गर्दै प्रतिनिधिहरूले वन्यजन्तु संरक्षणलाई बृहत्तर वातावरणीय र विकासात्मक ढाँचाबाट अलग राख्न नसकिने कुरामा जोड दिए। छलफलमा दक्षिण एसियाली राष्ट्रहरूले भोग्नुपरेको असमान जलवायु परिवर्तनको भार र बासस्थानको विनाश, जलवायु संवेदनशीलता तथा अवैध संसाधन उत्खनन बीचको प्रत्यक्ष सम्बन्धलाई उजागर गरियो। बदलिँदो मौसमको ढाँचाका कारण पारिस्थितिक प्रणाली कमजोर हुँदा स्थानीय समुदायहरूले प्रायः गम्भीर आर्थिक विस्थापनको सामना गर्नुपर्छ, जसले गर्दा उनीहरू चोरीशिकारी गर्ने गिरोहहरूको शोषणको उच्च जोखिममा पर्छन्।

महासभामा व्यापक रूपमा बहस गरिएको एक प्रमुख विषय दीगो संरक्षणका लागि आदिवासी जनजाति र स्थानीय समुदायको अपरिहार्य भूमिका थियो। वन्यजन्तु सम्बन्धी कानुन कार्यान्वयन राज्यको दण्डात्मक उपायहरूमा मात्र निर्भर रहन नसक्ने निष्कर्ष महासभाले निकालेको छ। दीर्घकालीन सफलताका लागि दिगो र वन्यजन्तु-मैत्री ग्रामीण अर्थतन्त्रको सिर्जना आवश्यक छ, जहाँ समुदायहरूलाई उनीहरूको प्राकृतिक परिवेशको रक्षा गर्न प्रोत्साहित गरिन्छ।

वन्यजन्तु कानुन कार्यान्वयनका लागि क्षेत्रीय एकता सुदृढ गर्न १२ बुँदे काठमाडौं घोषणापत्र जारी गर्दै SAWEN को प्रथम महासभा सम्पन्न भएसँगै सदस्य राष्ट्रहरूले दक्षिण एसियाको अद्धितीय प्राकृतिक सम्पदाको रक्षाका लागि आफ्नो दृढ प्रतिबद्धता पुनः व्यक्त गरेका छन्। प्रतिनिधिहरू आपसी विश्वास, कार्यगत पारदर्शिता र अटुट संयुक्त जवाफदेहिता प्रवर्द्धन गर्ने नयाँ संकल्पका साथ फर्किएका छन्। SAWEN को यो प्रथम महासभाले आगामी पुस्ताका लागि यस क्षेत्रको जैविक विविधताको संरक्षण गर्न तयार एक लचिलो र एकीकृत अन्तरसरकारी संरचना दृढतापूर्वक स्थापना गरेको छ।

१. हामी दक्षिण एसियामा वन्यजन्तुको अवैध व्यापार र यससँग सम्बन्धित अन्तरदेशीय संगठित अपराधका रूपहरूलाई रोक्न, पत्ता लगाउन र सामना गर्न हाम्रो दृढ राजनीतिक प्रतिबद्धता व्यक्त गर्दछौं, र यी कुराहरूले हाम्रो क्षेत्रको प्राकृतिक सम्पदा, जैविक विविधता, कानुनी शासन, सुरक्षा र दिगो विकासमा पुर्‍याउने जोखिमहरूलाई स्वीकार गर्दछौं।

२. यस क्षेत्रका देशहरूभित्र र देशहरूबीच सञ्चालित संगठित आपराधिक सञ्जालहरूलाई नियन्त्रण गर्ने उद्देश्यका साथ, हामी विशेष गरी अन्तरदेशीय प्रकृतिका र संगठित आपराधिक समूहहरू संलग्न भएका गम्भीर वन्यजन्तु अपराधहरूलाई सम्बोधन गर्न समन्वयात्मक फौजदारी न्याय प्रतिकार्यहरूका माध्यमबाट अघि बढ्ने सङ्कल्प गर्दछौं। जसमा सूचनामा आधारित र वित्तीय अनुसन्धान, सम्पत्ति शुद्धीकरण निवारणका उपायहरू, सम्पत्ति पुनर्प्राप्ति र प्रभावकारी अभियोजन सामेल छन्। हामी सदस्य राष्ट्रहरूलाई गम्भीर वन्यजन्तु अपराधलाई अन्तरदेशीय संगठित अपराधको रूपमा मान्यता दिन र व्यवहार गर्न तथा वन्यजन्तुको अवैध ओसारपसार विरुद्धको अन्तर्राष्ट्रिय कानुनी र संस्थागत प्रतिकार्यलाई सुदृढ पार्ने उद्देश्यले चालिएका सान्दर्भिक क्षेत्रीय र विश्वव्यापी प्रयासहरूलाई सक्रिय रूपमा समर्थन गर्न र त्यसमा संलग्न हुन थप प्रोत्साहन गर्दछौं।

३. हामी राष्ट्रिय कानुन र लागू हुने अन्तर्राष्ट्रिय दायित्वहरूसँग सामन्जस्यता हुने गरी सदस्य राष्ट्रहरूबीच सूचना आदानप्रदान, समन्वयात्मक प्रवर्तन कारबाही र फौजदारी न्याय सम्बन्धी सहकार्यलाई सुदृढ गर्न प्रतिबद्ध छौं।

४. हामी सदस्य राष्ट्रहरूको योगदान लगायत पूर्वानुमानयोग्य वित्तीय सहयोगको महत्त्वलाई स्वीकार गर्दछौं, र सावेन (SAWEN) को प्रभावकारी तथा दिगो सञ्चालनका लागि सदस्य राष्ट्रहरूको बलियो स्वामित्व नै मौलिक आधार हो भन्ने कुरालाई पुनः पुष्टि गर्दछौं।

नेपाल सरकार

# कृषि, वन तथा पर्यावरण मन्त्रालय

पत्र सङ्ख्याः

चलानी नं.:

☎ ४२११९२९, ४२११९३२
४२११८०८, ४२११६६५
सिंहदरबार, काठमाडौं, नेपाल

५. वन्यजन्तु अपराध विरुद्धको प्रतिकार्यलाई बलियो बनाउन, जैविक चोरी (बायोपाइरेसी), जैविक स्रोतहरूमाथिको अवैध पहुँच र उदीयमान जोखिमहरूको सामना गर्न विज्ञान, प्रविधि, नवप्रवर्तन, अनुसन्धान र क्षेत्रीय ज्ञान आदानप्रदानलाई प्रवर्द्धन गर्न हामी प्रतिबद्ध छौं।

६. यस क्षेत्रभरि अवैध वन्यजन्तु व्यापार विरुद्ध लड्नका लागि र वन्यजन्तुको संरक्षणमा खटिएका रेन्जर, वन अधिकारी र वन्यजन्तु अधिकारी, भन्सार अधिकारी, सुरक्षा अधिकारी, सरकारी वकिल र अन्य अग्रपंक्तिका कर्मचारीहरूको क्षमता, सुरक्षा र कल्याणलाई सुदृढ गर्न हामी प्रतिबद्ध छौं।

७. हामी समुदाय, आदिवासी जनजाति र स्थानीय समुदाय, नागरिक समाज, प्राज्ञिक क्षेत्र, युवा, महिला, सञ्चारमाध्यम र यातायात, वित्तीय सेवा, इ-कमर्स र पर्यटन लगायतका सान्दर्भिक निजी क्षेत्रहरूसँगको अर्थपूर्ण संलग्नता मार्फत सञ्चार, शिक्षा, जनचेतना, व्यावहारिक परिवर्तन र माग न्यूनीकरणलाई सुदृढ गर्न प्रतिबद्ध छौं।

८. सीमापार वन्यजन्तु अपराधलाई सम्बोधन गर्न र साझा क्षेत्रीय प्राथमिकताहरूलाई अगाडि बढाउन सावेन (SAWEN) मार्फत द्विपक्षीय, उप-क्षेत्रीय र क्षेत्रीय सहयोग सुदृढ गर्न हामी प्रतिबद्ध छौं।

९. स्रोत, पारवहन र गन्तव्य देशहरूको साझा जिम्मेवारीलाई स्वीकार गर्दै, हामी सान्दर्भिक अन्तर्राष्ट्रिय र क्षेत्रीय महासन्धि, संयन्त्र, संगठन र विकास साझेदारहरूसँगको सहयोगलाई सुदृढ गर्न प्रतिबद्ध छौं।

१०. हामी अवैध वन्यजन्तु व्यापार विरुद्ध लड्नका लागि SAWEN लाई एक प्रभावकारी, उत्तरदायी र सुशासित क्षेत्रीय अन्तर-सरकारी संयन्त्रको रूपमा सुदृढ गर्ने हाम्रो प्रतिबद्धतालाई पुनः पुष्टि गर्दछौं।

११. हामी कार्यकारी समिति र महासभाका आगामी सत्रहरू मार्फत यस घोषणापत्रको कार्यान्वयनको प्रगतिको समीक्षा गर्न प्रतिबद्ध छौं।

१२. हामी सन् २०११ जनवरी ३० मा भुटानको पारोमा सावेन (SAWEN) को औपचारिक सुरुवात भएको सम्झनामा प्रत्येक वर्षको जनवरी ३० लाई "सावेन दिवस" (SAWEN Day) का रूपमा मनाउन र यस अवसरलाई दक्षिण एसियाभर वन्यजन्तु अपराध विरुद्ध जनचेतना, क्षेत्रीय सहयोग र सामूहिक कार्यलाई प्रवर्द्धन गर्न उपयोग गर्न सहमत छौं।

काठमाडौं, नेपाल

२०८३ भदौ २६ गते शुक्रबार